अनुसुची -२
प्रस्ताव नं. १
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला लुम्बिनी प्रदेश।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

**विषय:**नगरस्तरीय विपद् व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन तथा कार्यान्वयन सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०२/२२**

**१. विषयको संक्षिप्त व्यहोरा:**-मिति २०८२/०२/२२ गते बसेको प्यूठान नगरपालिकाको नगरस्तरीय विपद् व्यवस्थापन समितिले गरेका निर्णयहरु अनुमोदन तथा कार्यान्वयन सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापन गर्न नपुग हुने भएकोले विपद् व्यवस्थापन शिर्षकमा बजेट थप गर्नु पर्ने र NDRRMA MIS(reconstruction.ndrrma.gov.np) अनलाईन प्रणालीमा कायम भएका विपद् लाभग्राहीहरुको विवरण सच्याउनु पर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापन गर्न नपुग हुने भएकोले विपद् व्यवस्थापन शिर्षकमा बजेट थप गर्नु पर्ने र NDRRMA MIS(reconstruction.ndrrma.gov.np) अनलाईन प्रणालीमा कायम भएका विपद् लाभग्राहीहरुको विवरण सच्याउन कार्यपालिकाको निर्णय आवश्यक भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-**

क. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ (प्रथम संशोधन २०७८।१०।१४) र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ (प्रथम संशोधन २०७८।१०।१४) अनुसार मनसुनजन्य र आगलागीजन्य विपद्बाट निजी आवास क्षतिग्रस्त भएका वा गुमाएका तर अन्यत्र आवास नभएका परिवारको निजी आवास मर्मत प्रवलिकरण, पुननिर्माण र पुनर्स्थापनाका कार्यका लागि बिकसित विद्युतीय प्रणाली NDRRMA MIS(reconstruction.ndrrma.gov.np) मा यस नगरपालिकाको वडा नं. ९ र १० मा २०८० असारमा गएको वाढीको कारण घर पूर्ण तथा आंशिक रुपमा क्षतीग्रस्त भएका तपसिल अनुसारका लाभग्राहीहरुलाई पुनर्निर्माणको प्रकार संशोधनका गरी आवश्यक प्रकृया अगाडी बढाईदिनुहनका लागि जिल्ला प्रशासन कार्यालय खलंगा प्यूठानमा पत्राचार गर्ने।

**तपसिल**

| क्र.सं. | सर्भे दर्ता नं. | विपद् प्रभावित घरधनीको नाम | ठेगाना | विद्यमान पुनर्निर्माण प्रकार | हुनुपर्ने पुनर्निर्माण प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २६२१-२-१० | दान बहादुर जि.सी. | प्यूठान न पा १० | पुनर्निर्माण | पुनर्निर्माण | |
| २ | २६२१- | राम बहादुर | प्यूठान न | पुनर्निर्माण | प्रवलिकरण | सर्भे गर्दा पुनर्निर्माण कायम भएको तर |

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २-१ | जि.सी. | पा ९ | | | प्राविधीक जाँच पश्चात पुनर्निर्माण आवश्यक नभएको रिपोर्ट प्राप्त |
| ३ | २६२१-२-९ | दिपक जि.सी. | प्यूठान न पा १० | पुनर्निर्माण | पुनर्निर्माण | |
| ४ | २६२१-२-२ | लिल बहादुर सार्की | प्यूठान न पा ९ | प्रवलिकरण | पुनर्निर्माण | सर्भे गरेपश्चात पुन बाढी आई घर पूर्ण रुपमा क्षतिग्रस्त भएको र पालिकाले अनलाईन प्रणालीमा सच्चाउने प्रावधान नरहेको |
| ५ | २६२१-२-३ | पार्वता सुनार | प्यूठान न पा ९ | प्रवलिकरण | पुनर्निर्माण | |

ख. मिति २०८२ जेठ ७ गते प्यूठान नगरपालिका वडा नं. ३ को जुङखोलामा आएको बाढीले खानेपानीका संरचनाहरु, बिभिन्न सडक पुर्वाधार संरचनाहरु, सिंचाई प्रणाली र व्यक्तिगत सम्पत्तिमा समेत क्षती पुगेको स्थलगत अनुगमन तथा प्राविधिक नापजाँचबाट देखिन आएकोले उक्त क्षतीबाट क्षतीग्रस्त संरचनाहरु पुनर्निर्माण गर्न अल्पकालिन र दीर्घकालिन व्यवस्था गरी विपद् क्षती न्यूनीकरण तथा पुनर्लाभ गर्ने।

ग. २०८१ सालको मनसुन समयमा नगरपालिका भित्रका सडक संरचनाहरुमा पुगेको क्षती न्यूनीकरण गर्न तत्कालिन समयमा प्रयोग भएका डोजर र व्याकहुलोडर, नगरपालिकाको फोहोर संकलन केन्द्रमा फोहोर व्यवस्थापनका लागि प्रयोग भएका डोजर र व्याकहुलोडर तथा प्यूठान नगरपालिका वडा नं. ९ र १० मा पर्ने बाग्दुला देखी बतासेडाँडा सम्मको सडक मर्मत गर्दा प्रयोग भएका डोजर र व्याकहुलोडर हरुको प्राविधिक मूल्याङ्कन बमोजिमको दायित्व रु.९,५०,०००/-(अक्षरुपी नौ लाख पचास हजार) रकम विनियोजन गर्ने।

घ. प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा विनियोजित रकम अपुग भई सिर्जित दायित्व भुक्तान गर्न समस्या भएको र यस वर्षको मनसुनजन्य समयमा हुन सक्ने सम्भावित विपद्लाई दृष्टिगत गरी रकम विनियोजन गर्ने।

ङ. नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट तयार भएको तपसिल बमोजिमको मनसुनजन्य पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना लाई कार्यपालिकमा अनुमोदनका गर्ने।

| क्र.स. | क्रियाकलाप | स्थान | समय | | जिम्मेवार कार्यालय / व्यक्ति |
|---|---|---|---|---|---|
| | | | देखी | सम्म | |
| १ | सूचना प्रसार प्रसार | १० वटै वडाहरुमा | २०८२/०२/२८ | २०८२/०५/३० | वडा कार्यालयहरु |
| २ | विपद् सूचक विवरण संकलन | १० वटै वडाहरुमा | २०८२/०२/२८ | २०८२/०५/३० | वडा कार्यालयहरु |
| ३ | विपद् उद्धार सामाग्री तयारी अवस्थामा राख्ने | नगरपालिका / दमकल, ट्रिपर, डोजर, एम्बुलेन्स | बर्षात भरी | | प्यूठान नगरपालिका |
| ४ | विपद् उद्धार सामग्री तयारी अवस्थामा राख्ने | उद्धार सामग्री Tube, Stair, Hacksaw, Stretcher | बर्षात भरी | | प्यूठान नगरपालिका |
| ५ | विपद् उद्धार सामग्री तयारी अवस्थामा राख्ने | खाद्य, पेय पदार्थ, लत्ता कपडा, भाँडाकुँडा, त्रिपाल, प्राथमिक उपचार सामग्री | बर्षात भरी | | प्यूठान नगरपालिका |
| ६ | Quick Response Team | | | | |
| ६.१ | बस्तीस्तरमा | वडा अध्यक्षको | बर्षात भरी | | संयोजक |

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | संयोजकत्वमा | | |
| ६.२ | वडा स्तरमा | वडा अध्यक्षको संयोजकत्वमा, सुरक्षा निकायका प्रतिनिधी सहितको समिति | बर्षात भरी | संयोजक |
| ६.३ | नगरपालिका स्तरमा | नगर प्रमुखको संयोजकत्वमा सुरक्षा निकायका प्रमुख/ प्रतिनिधी सहितको समिति | बर्षात भरी | संयोजक |

च. प्राकृतिक विपद् तथा मनसुनजन्य विपद्बाट प्रभावित हुन सक्ने क्षेत्रहरुको संवेदनशील तथा अति संवेदनशील क्षेत्र गरी प्राकृतिक विपद् तथा मनसुनजन्य विपद्बाट प्रभावित हुन सक्ने क्षेत्रहरुको संवेदनशील तथा अति संवेदनशील क्षेत्र गरी तपसिल अनुसारको वर्गीकरण गरियो ।

क. अति संवेदनशील क्षेत्रहरु

१. भुषबाङ, छेपाने वडा नं. ९ र १०
२. जुङखोला वडा नं. ३
३. बाग्दुला उपल्लो बजार वडा नं. ८
४. आर्नेटा वडा नं. २
५. दहरेखोला वडा नं. ७
६. ओदार्ने,झाक्रिगाँउ पातलकटेरी वडा नं. ५
७. चितिखोला शिर्शिखोला वडा नं. २

ख. संवेदनशील क्षेत्रहरु

१. जुम्री खोला किनारका क्षेत्रहरु
२. झिमरुक कोरिडोर (प्यूठान न. पा ८ देखी १ सम्म)
३. चुदरी खोला प्यूठान न पा ९

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

**नगर प्रमुख**

अनुसुची -२
प्रस्ताव नं. २
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**विषय:**रकमान्तर सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०२/२२**

**१. विषयको संक्षिप्त व्यहोरा:**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापन गर्न नपुग हुने भएकोले रकमान्तर गरी श्रोत सुनिश्चित गर्नुपर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापन गर्न नपुग हुने भएकोले आर्थिक वर्ष २०८१/०८२ को नगरस्तरीय बजेट तथा कार्यक्रममा बचत हुने र समय अभावका कारण कार्यक्रम सञ्चालन गर्न सम्भव नहुने शिर्षकहरुबाट रकमान्तर गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापन गर्न नपुग हुने भएकोले आर्थिक वर्ष २०८१/०८२ को नगरस्तरीय बजेट तथा कार्यक्रममा बचत हुने र समय अभावका कारण कार्यक्रम सञ्चालन गर्न सम्भव नहुने शिर्षकहरुबाट रकमान्तर गरी उक्त रकमान्तरलाई आगामी नगरसभाबाट अनुमोदन गरी कानून सम्मत बनाउनु पर्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:- तपसिल अनुसारका योजनाहरु रकमान्तर गर्नुपर्ने ।**

| क्र.सं. | आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम | बचत हुने रकम रु | रकमान्तर हुने योजना | बिनियोजित बजेट रु. |
|---|---|---|---|---|
| १ | सञ्चार महशुल | २,५०,०००/- | विपद् व्यवस्थापन (सिर्जित दायित्व भुक्तानी तथा सम्भावित विपद् जोखिम व्यवस्थापन) | ३४,५०,०००/- |
| २ | पानी तथा विजुली | २,५०,०००/- | | |
| ३ | नगर प्रहरी भर्ना | ७,००,०००/- | | |
| ४ | बालबालिकाको स्थिति पत्र तयार | ३,५०,०००/- | | |
| ५ | बालमैत्री वडा घोषणा | २,००,०००/- | | |
| ६ | विपन्नको चुल्होमा स्थानीय सरकार | १५,००,०००/- | | |
| ७ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २,००,०००/- | | |

**५. कार्यपालिकाको निर्णय:**
**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

**नगर प्रमुख**

अनुसुची -२

प्रस्ताव नं. ३

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

**विषय:**सिर्जित दायित्व भुक्तानी तथा नयाँ योजनामा विनियोजन सम्बन्धमा।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्यूठान लुम्विनी प्रदेश,

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०२/२२**

**१. विषयको संक्षिप्त व्यहोरा:**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा रकमान्तर हुने बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापनमा श्रोतको बाँडफाँड ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा रकमान्तर हुने बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापनमा श्रोतको बाँडफाँड गरी दायित्व भुक्तानी, नयाँ योजनामा रकम विनियोजन र विपद् व्यवस्थापनमा रकम विनियोजन।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:**-आर्थिक वर्ष २०८१/०८२ मा विपद् व्यवस्थापन शिर्षकमा रकमान्तर हुने बजेटले सिर्जित दायित्व भुक्तानी र सम्भावित विपद् जोखिम व्यवस्थापनमा श्रोतको बाँडफाँड गरी दायित्व भुक्तानी, नयाँ योजनामा रकम विनियोजन र विपद् व्यवस्थापनमा रकम विनियोजन सम्बन्धमा कार्यापालिकामा निर्णय हुनुपर्ने र नगर सभाबाट अनुमोदन गर्नुपर्ने भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा:- तपसिल अनुसारका योजनाहरुमा रकम विनियोजन गर्ने**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | विपद् सिर्जित दायित्व भुक्तानी | ९,५०,०००/- | सडक सुचारु तथा फोहोरमैला व्यवस्थापन |
| २ | विजुवार थापाडाँडा खलंगा सडकमा स्ल्याव निर्माण | ३,५०,०००/- | |
| ३ | विपद् व्यवस्थापन | १६,५०,०००/- | |
| ४ | गुरीगाऊ जुनखोला नियन्त्रण प्यूनपा ९ | १,५०,०००/- | |
| ५ | आँखा अस्पताल प्यूनपा ४ | १,५०,०००/- | |
| ६ | प्यूठान अस्पताल सडक सुधार मर्मत | २,००,०००/- | |

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

**नगर प्रमुख**

अनुसुची -२
प्रस्ताव नं. ४
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**
**विषय:**ऐन तथा कार्यबिधि संशोधन सम्बन्धमा।
**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०२/२२**

**१. विषयको संक्षिप्त व्यहोरा:**-प्यूठान नगरपालिका सहकारी ऐन, २०७४ तथा किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१ मा आवश्यक संशोधन।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**-प्यूठान नगरपालिका सहकारी ऐन, २०७४ तथा किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१ मा आवश्यक संशोधन गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:**-संघीय सहकारी ऐन, २०७४ तथाअनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधी,२०७९मा रहेको व्यवस्था प्यूठान नगरपालिका सहकारी ऐन, २०७४ तथा किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१ रहेको व्यवस्था संग बाझिएकोले बाझिएको हदसम्मका व्यवस्थाहरु संशोधन गर्नुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-**

प्यूठान नगरपालिका सहकारी ऐन, २०७४ मा तपसिलका संशोधन गरी आगामी नगरसभाबाट पारितका लागि पेश गर्ने साथै किसान पेन्सन कार्यान्वयन कार्यबिधी, २०८१ को हकमा कार्यपालिकाबाट संशोधन गरी कार्यान्वयन गर्ने

| क्र.सं. | विद्यमान व्यवस्था | हुनु पर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| क | प्यूठान नगरपालिकाको सहकारी ऐन २०७४ | | |
| १ | प्यूठान नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद ५ दफा २० (१ (क)) मा संस्थाको सदस्यता उमेर १८ बर्ष भएको | संस्थाको सदस्यता उमेर १६ बर्ष हुनुपर्ने | सहकारी ऐन २०७४ को व्यवस्थासंग बाझीएकोले |
| २ | प्यूठान नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद ५ दफा २० (१(ख)) मा संस्थाको सदस्यताका लागि कम्तिमा ५ शेयर खरिद गर्नुपर्ने व्यवस्था भएको | कम्तिमा १ शेयर खरिद गरेको व्यक्ति सदस्य हुन पाउने व्यवस्था हुनुपर्ने | सहकारी ऐन २०७४ को व्यवस्थासंग बाझीएकोले |
| ख | किसान पेन्सन कार्यान्वयन कार्यबिधी, २०८१ | | |
| १ | किसान पेन्सन कार्यान्वयन कार्यबिधी, २०८१को दफा ५ मा श्रमिकको न्यूनतम आधारभूत पारिश्रमिक बाट ११ % ले हुन आउने रकम किसानले र प्यूठान नगरपालिकाबाट आधारभूत पारिश्रमिकको ११ % थप गरी हुन आउने रकम मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था रहेको | किसान पेन्सन कार्यान्वयन कार्यबिधी, २०८१को दफा ५ मा श्रमिकको न्यूनतम आधारभूत पारिश्रमिक बाट ११ % ले हुन आउने रकम किसानले र प्यूठान नगरपालिकाबाट आधारभूत पारिश्रमिकको ९.३७ % थप गरी हुन आउने रकम मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था हुनुपर्ने | अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधी, २०७९को व्यवस्थासंग बाझीएकोले |

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

अनुसुची -२
प्रस्ताव नं. ५
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

**विषय:**सडक बालबालिका मुक्त वडा तथा नगरपालिका घोषणा सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :**२०८२/०२/२२

**१. विषयको संक्षिप्त व्यहोरा:**-राष्ट्रिय बालअधिकार परिषद्को च.नं. १७३०, मिति २०८२/०१/२८ को प्राप्त पत्रबाट प्रत्येक स्थानीय तहलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न पत्राचार भएको ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**-नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०८२ असार मसान्त सम्म नेपाललाई सडक वालवालिका मुक्त बनाउने निर्णय गरेको ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:**-नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०८२ असार मसान्त सम्म नेपाललाई सडक वालवालिका मुक्त बनाउने निर्णय गरेकोले प्यूठान नगरपालिकाका सम्पूर्ण वडाहरुले सडक बालबालिका मुक्त वडा घोषणा गरी नगरपालिकालाई समेत सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने व्यवस्थाका लागि।

**४. निर्णय हुनुपर्ने व्यहोरा:**- नगरपालिकाका सबै वडाहरुले मिति २०८२ असार १० भित्र सडक बालबालिका मुक्त वडा घोषणा गर्ने सम्बन्धमा प्राप्त कार्यविधि **"सडक बालबिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणा कार्यबिधि"**मा भएको प्रकृया पुरा गरी घोषणा गर्ने र सोको जानकारी नगरपालिकामा पत्राचार गर्ने ।

**५. कार्यपालिकाको निर्णय:**
**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

**नगर प्रमुख**

अनुसुची -२
प्रस्ताव नं. ६
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

**विषयः**खरिबोट आँमडाँडा दाङ ढुङ्गा लिफ्ट खानेपानी योजना प्यूठान न पा १० कार्यान्वयन सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०२/२२**

**१. विषयको संक्षिप्त व्यहोराः**-खरिबोट आँमडाँडा दाङ ढुङ्गा लिफ्ट खानेपानी योजना प्यूठान न पा १० कार्यान्वयनमा परेका कठिनाईहरुको समाधान गरी योजना कार्यान्वयन गर्न।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :**-खरिबोट आँमडाँडा दाङ ढुङ्गा लिफ्ट खानेपानी योजना प्यूठान न पा १० स्टिमेट गरी बोलपत्र आह्वान गरी कार्यक्रम कार्यान्वयन गर्दा स्टिमेटमा भएको भन्दा केही परिमार्जनन गर्नुपर्ने भएकोले कार्यपालिकाद्वारा निर्णय गरी कार्यान्वयन गराउनु पर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः**-प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को प्रदेश सशर्त तर्फ बार्षिक स्वीकृत कार्यक्रम खरिबोट आँमडाँडा दाङ ढुङ्गा लिफ्ट खानेपानी योजना प्यूठान न पा १० कार्यान्वयनको लागि सर्भे गर्दा सो लिफ्ट खानेपानी योजनामा प्रयोग गरिने तार ASCR Conductor गरिएको र पछी स्थानिय बासिन्दाहरुले सो तार बस्तिको नजिकबाट लान नदिने प्रतिकृया पश्चात उक्त योजनाको लक्ष प्राप्ति तथा कार्यान्वयनमा कठिनाई भएपछी नेपाल विद्युत प्राधिकरणको परामर्शमा कालो ABC Cable ४५० मिटर तार थप गर्नु पर्ने भएको र बोलपत्रको मुल्य परिमाणमा उल्लेख भएको ५०KVA को ट्रान्सफर्मर नेपाल विद्युत प्राधिकरणले उपलब्ध गराउने प्रतिवद्धता गेरेको र उक्त सामाग्रीको मुल्यदर घटाउदा बचत हुने रकमले ABC तार किन्न पुग्ने र योजनाको व्ययभार नपर्ने साथै अपेक्षित लक्ष्य हासिल गर्ने सकिने भएतापनी निर्माण व्यवसायीले भेरियेसन अर्डर गरेर कार्य गर्न असहमति जनाएकोले सार्वजनिक खरिद ऐन २०६३ भित्र रही ABC तार खरिद गरी उक्त योजना कार्यान्वयन हुनुपर्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**- सम्बन्धित शाखाको राय अनुसार ASCR Conductor तारको सट्टाकालो ABC Cable ४५० मिटर तार थप गरी उक्त आयोजना कार्यान्वयन गर्ने।

**५. कार्यपालिकाको निर्णयः**
**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ७
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**विषयः जग्गा प्राप्ति सम्बन्धमा।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मितिः २०८२/०२/२२

१. **विषयको संक्षिप्त व्यहोराः-** प्यूठान नगरपालिकाको वडा नं. १ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः** प्यूठान नगरपालिकामा वडा नं. १ खैरा गाँजुरीमा प्यूठान नगरपालिकाको १ नं. वडा कार्यालय भवन निर्माणका लागि जग्गाधनी ईच्छुक देखीएकोले सो जग्गा प्राप्तिका लागि आवश्यक प्रकृया अगाडी बढाउनु पर्ने।

३. **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको रायः-** हाल प्यूठान नगरपालिका १ नं. वडाको सम्पूर्ण कार्यसञ्चालन दाँखाक्वाडीमा रहेको घरमा बहाल लिई गरि राखिएको छ; सोही सन्दर्भमा वडा भवन निर्माण गर्नका लागि वडाद्बारा जग्गाको खोजी गर्दा प्यूठान नगरपालिका १ नं. वडा खैरा गाँजुरी निवासी जग्गादाता हरिप्रसाद पोखेल तथा शिवराज पोखेल जग्गा दान गर्न ईन्छुक रहेकोले सो जग्गा नगरपालिकामा प्राप्त गरी वडा कार्यालय भवन निर्माण गर्ने स्थानको सुनिश्चितताका लागि कार्यापालिकामा निर्णय गरी आवश्यक प्रकृया अगाडी वढाउनुपर्ने भएको।

४. **निर्णय हुनुपर्ने व्यहोराः-** प्यूठान नगरपालिका १ नं. वडा कार्यालयको वडा भवन निर्माण गर्नका लागि वडाद्बारा जग्गाको खोजी गर्दा प्यूठान नगरपालिका १ नं. वडा खैरा गाँजुरी निवासी जग्गादाता हरिप्रसाद पोखेलले आफ्नो कित्ता नं. ८९७ बाट ७०६बर्ग मिटरतथाशिवराज पोखेलले कित्ता नं. ८८९ बाट ४३३ बर्गमिटर जग्गा १ नं. वडा कार्यालयको नाममा पास गर्नका लागि वडा अध्यक्ष श्री साधना रावत लाई प्रतिनिधी तोकी पठाउने निर्णय गर्ने।

**५. नगरकार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने।

**नगर प्रमुख**

अनुसुची -२
प्रस्ताव नं. ८
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**विषयः अनुदान निकासा सम्बन्धमा।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति: २०८२/०२/२२

१. **विषयको संक्षिप्त व्यहोराः**- अनुदान निकासा सम्बन्धमा।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा क्याम्पस अनुदान शिर्षकमा विनियोजित रकम रु. १५,००,०००/-(पन्ध्र लाख) प्यूठान नगरपालिका वडा नं. ७ मा रहेको स्वर्गद्वारी बहुमुखी क्याम्पसलाई अनुदान उपलब्ध गराउने।

३. **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको रायः**-प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा क्याम्पस अनुदान शिर्षकमा विनियोजन भएको रकम उक्त क्याम्पस संग सम्झौता गरी स्वर्गद्वारी बहुमुखी क्याम्पसका अध्यापकहरुको तलब भत्ता भुक्तानी गर्न निकासा दिन कार्यपालिकाको निर्णय हुनुपर्ने।

४. **निर्णय हुनुपर्ने व्यहोराः**- प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा क्याम्पस अनुदान शिर्षकमा विनियोजन भएको रकम उक्त क्याम्पस संग सम्झौता गरी स्वर्गद्वारी बहुमुखी क्याम्पसका अध्यापकहरुको तलब भत्ता भुक्तानी गर्न निकासा दिने।

५. **नगरकार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने।

**नगर प्रमुख**

अनुसुची -२
प्रस्ताव नं. ९
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४० औ कार्यपालिका बैठक(२०८२/०२/२४)**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**विषयः ठेक्कामा वचत रकमको उपयोग।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति: २०८२/०२/२२

**१. विषयको संक्षिप्त व्यहोरा:-** आ.व. २०८१/०८२को स्वीकृत कार्यक्रम (नेपाल सरकार सशर्त अनुदान) तर्फको नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पदानमा आधारित अनुदान(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) बाट कार्यक्रम लागि आह्वान गरिएको ठेक्का नं. बाट प्यूठान नगरपालिका-३ स्थित मुक्ति मा.वि. रातामाटामा शिक्षा गुणस्तर अभिबृद्धीका लागि रु.४५,००,०००/- बराबरको बजेट विनियोजन भई बोलपत्र मार्फत ठेक्का आह्वान गर्दा ठेक्कामा घटेको रकम उपयोग गर्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:**आ.व. २०८१/०८२को स्वीकृत कार्यक्रम (नेपाल सरकार सशर्त अनुदान) तर्फको नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) बाट कार्यक्रम लागि आह्वान गरिएको ठेक्का नं. बाट प्यूठान नगरपालिका-३ स्थित मुक्ति मा.वि. रातामाटामा विज्ञान शिक्षा गुणस्तर अभिबृद्धिका लागि रु.४५,००,०००/- बराबरको बजेट विनियोजन भई बोलपत्र मार्फत ठेक्का आह्वान गर्दा ठेक्कामा रु.१०,६२,०००/- बचत भएकोले सो रकम उपयोग गर्नुपर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:**-आ.व. २०८१/०८२को स्वीकृत कार्यक्रम (नेपाल सरकार सशर्त अनुदान) तर्फको नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पदानमा आधारित अनुदान(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) बाट कार्यक्रम लागि आह्वान गरिएको ठेक्का नं. बाट प्यूठान नगरपालिका-३ स्थित मुक्ति मा.वि. रातामाटामा शिक्षा गुणस्तर अभिबृद्धीका लागि रु.४५,००,०००/- बराबरको बजेट विनियोजन भई बोलपत्र मार्फत ठेक्का आह्वान गर्दा ठेक्कामा रु.१०,६२,०००/- बचत भएको र सो रकमबाट विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण तथा सञ्चालनका लागि शिक्षा युवा तथा खेलकुद शाखामा माग भई आएकोले कार्यपालिकाद्वारा अनुमति प्रदान गरी निर्माण समिति मार्फत निर्माण ट्रस निर्माण कार्य अगाडी बढाउनु उपयुक्त हुने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** आ.व. २०८१/०८२को स्वीकृत कार्यक्रम (नेपाल सरकार सशर्त अनुदान) तर्फको नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पदानमा आधारित अनुदान(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) बाट कार्यक्रम लागि आह्वान गरिएको ठेक्का नं. बाट प्यूठान नगरपालिका-३ स्थित मुक्ति मा.वि. रातामाटामा शिक्षा गूणस्तर अभिबृद्धीका लागि रु.४५,००,०००/- बराबरको बजेट विनियोजन भई बोलपत्र मार्फत ठेक्का आह्वान गर्दा ठेक्कामा रु.१०,६२,०००/- बचत भएकोले सम्बन्धित शाखाको राय बमोजिम उक्त बचत रकमबाट सोही विद्यालयमा उपभोक्ता समिति मार्फत विज्ञान प्रयोगशालाका लागि ट्रस निर्माण गर्न उपयुक्त देखिएकोले उक्त रकमबाट उपभोक्ता समिति मार्फत काम हुने गरी ट्रस निर्माणको अनुमति दिने।

**५. नगरकार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने।